## आर्थिक वर्ष २०७२/०७३ को ललितपुर उपमहानगरपालिकाको पहिलो चौमासिक

## सार्वजनिक सुनवाई कार्यक्रमको

## प्रतिवेदन सारांश

**आर्थिक वर्ष २०७२/०७३ को ललितपुर उपमहानगरपालिकाको पहिलो चौमासिक सार्वजनिक सुनवाईको महत्व र उपलब्धी औपचारिक कार्यक्रमको निरन्तरतामा मात्र सीमित भएन । यसो भन्नुको दुई, तीन वटा कारणहरु रहेका छन् । पहिलो त, २०७२ कार्तिक ३० गते सोमबार धापाखेलस्थित टेवा भवनमा आयोजित सार्वजनिक सुनवाई विगतमा सार्वजनिक सुनवाई सधै बन्द कोठा भित्र हुने गरेको जनगुनासोलाई मध्यनजर गरेर उपमहानगरपालिकाको सभाकक्ष भन्दा बाहिर गएर गरिएको पहिलो सुनवाई कार्यक्रम रह्यो । दोस्रो, यस कार्यक्रम मार्फत उपमहानगरपालिकामा गत वर्ष गाभिएको साविकका धापाखेल,सुनागुठी र हरिसिद्धि र हाल वडा नं २३ देखि ३० सम्मका नगरवासीहरुको चाहना, अपेक्षा बुझ्ेर नगरवासी भएको अनुभूर्ति गराउने दिशामा टेवा पुऱ्याएको  छ । यस तथ्य नगरका स्थानीयवासीन्दाहरुबाट आफ्नो धारणा, गुनासो राख्ने क्रममा अझ स्पष्ट रुपमा मुखरित समेत भएका छन् ।**

स्थानीय विकास मन्त्रालयले तय गरेको स्थानीय निकाय सार्वजनिक सुनवाई कार्यविधि २०६७ ले सार्वजनिक सुनवाईको मुलभूत रुपमा निम्न उद्देश्यहरु राखेको छ । (१) स्थानीय निकायबाट संञ्चालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु सुविधा सार्वजनिक गर्ने, (२) संञ्चालित नीति योजना र कार्यक्रम, त्यसको कार्यान्वयन र दैनिक कामकारवाहीको सम्बन्धमा सेवाग्राही नागरिकले उठाएको प्रश्नहरुमा स्पष्टतता ल्याउने, (३) नागरिकहरुबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने, (४) विकास निर्माण कार्य र सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई र जिम्मेवारी र जवाफदेहीको संस्कार बसाउने ।

**यही उद्देश्यका साथै कार्यकारी प्रमुख श्री भरतमणी पाण्डेले सुनवाई कार्यक्रम नयाँ गाभिएका २३ देखि ३० सम्मको ८ वडाका जनताको चाहना र अपेक्षा बुझ्ने, योजना निर्माणको लागि जनताको मनस्थिति बुझ्ने र समग्रमा नगरवासी भएको अनुभूति दिलाउने एउटा कदमको रुपमा सुनवाई कार्यक्रम गर्ने मार्गनिर्देशन दिनुभयो । त्यस मार्गनिर्देशनलाई नै उपमहानगरपालिकाको सम्बन्धमा विशिष्ट र ठोस लक्ष्यका रुपमा किटानी गरिएको थियो ।** यस अनुरुप सञ्चालित सुनवाई कार्यक्रम हिजोको साविकको गाविस रहँदाको अवस्थाको पृष्ठभूमीमा नगरपालिका भएपछिको सम्भावना, चुनौती र कठिनाई, त्यसको सेरोफेरोमा सहभागीहरुले अनेक प्रश्न, सुझाव र गुनासोहरु अघि सारेका छन् । त्यस मध्ये मुख्य रुपमा विकेन्द्रीकरणको मर्म अनुरुप वडामा अधिकार प्रत्यायोजन गर्नुपर्ने, नगरपालिकाबाट संञ्चालित सेवा प्रवाह र विकासको प्रतिफल अनुभूत गराउने, कर दरमा छुट दिनुपर्ने कुराहरु उठेको पाइएको छ । नागरिक प्रतिवेदन पत्र र वहिर्गमन अभिमत पत्रमार्फत विस्तृत र लिखित रुपमा ती सुझावहरु प्रतिविम्वित भएको छ । अपेक्षाकृत सहभागीता बाहेक यसको उद्देश्य हासिल गर्ने र त्यस भन्दामा गाभिएका नयाँ वडाहरुमा उपमहानगरपालिको सेवाप्रवाह बारे जानकारी गराउने, नगरवासी भएको अपनत्व बोध गराउने, त्यहाँको वस्तुस्थितति उजागर गर्ने दृष्टिले यो सुनवाई कार्यक्रम उपमहानगरपालिकाको लागि थप महत्व रहने गएको छ । सुनवाईमा सहभागीहरुले उठाएका सवाल, गुनासोलाई कार्यन्वयन गर्न सहज होस भनेर तिनको सम्बन्धित शाखामा प्रतिवेदनमा समेटिका छौं । यस अनुरुप त्यहाँको जनताको अपेक्षा अनुसार विकास निर्माण, लक्षित वर्गको कार्यक्रम अघि बढेमा यसले महत्व अझै बढ्ने छ ।

**सार्वजनिक सुनवाईको महत्वलाई ध्यानमा राखेर नै यसलाई जनमुखी नीतिका रुपमा लिईन्छ । यसको अनिवार्य र महत्वलाई ध्यानमा राखेर यस कार्यक्रमलाई नगरपालिकाको न्यूनतम कार्यसम्पादन मापनको एक महत्वको सूचकका रुपमा तोकिएको छ । यस्ता कार्यक्रमहरुमा अधिकतम जनसहभागितालाई आगामी दिनहरुमा अझ जोड दिदै जाने अपेक्षा लिएका छौं । साथै सार्वजनिक सुनवाईलाई ठोस उपलब्धी, सुझाव, गुनासोलाई अनुगमनसहित अझ मूर्त रुप दिन यस किसिमले सार्वजनिक सुनवाई क्षेत्रगत र बेलाबखत शाखागत रुपमा आयोजना गर्नु वाञ्छनीय देखिने यस अनुभवले पनि देखाएको छ । यसले स्थानीय सुशासन कार्यक्रमलाई अझ प्रभावकारी बनाउने हाम्रो विश्वास रहेको छ ।**

गत आर्थिक वर्ष २०७१/०७२ को यस ललितपुर उपमहानगरपालिकाको पहिलो चौमासिक सार्वजनिक सुनवाई म सहजकर्ता सुनील महर्जन र प्रतिवेदन विश्लेषक राजेश बज्राचार्य रहेर बौद्ध युवा कमिटीको संयोजनमा कार्यक्रम गरेको सर्वविदित नै छ । स्थानीय निकाय सार्वजनिक सुनवाई कार्यविधि २०६७ मर्म र भावनालाई अधिकत्तम सम्बोधन हुने गरी र त्यसको प्रक्रिया अनुरुप पहिलो पटक नागरिक प्रतिवेदन पत्र,वहिगर्मन अभिमत मार्फत सूचना संकलन गर्ने र सरोकारवालाहरुको बृहत सहभागितापछि सो सार्वजनिक सुनवाई कार्यक्रमपछि पुनः संयोजन गर्ने जिम्मेवारी दिनुभएकोमा उपमहानगरपालिकाका कार्यकारी प्रमुख भरतमणी पाण्डेमा हार्दिक आभार प्रकट गर्दछौं । सुनवाई कार्यक्रम सफल बनाउन निरन्तर समन्वय गरी आवश्यक सल्लाह, सुझाव र सहयोग गरिदिनु भएकोमा कार्यकारी प्रमुख श्री भरतमणी पाण्डे,फोकल व्यक्ति एवंम् प्रशासन महाशाखाका प्रमुख बाबुराजा महर्जन,महाशाखा, शाखाका प्रमुखहरुसहित उपमहानगरपालिका सबै सहयोगी कर्मचारीहरु, नागरिक प्रतिवदेन, वहिगर्मन अभिमत लिने सहयोग गर्नुहुने २३ देखि ३० वडाका वडा सचिवहरु, कार्यक्रममा सहभागी हुने, आफ्नो जिज्ञासा, धारणा, गुनासो राख्ने सबै महानुभावहरु लगायत प्रत्यक्ष र परोक्ष सहयोग पुऱ्याउने सबैमा हार्दिक साधुवाद । सार्वजनिक सुनवाईको उद्देश्य र कार्यक्रमको समग्र विश्लेषणको आधारमा यी कुराहरु कार्यान्वयनको लागि सिफारिश गर्दछौं ।

## सार्वजनिक सुनुवाईबाट प्राप्त प्रमुख जन अपेक्षा र आगामी बाटोको सुझाव

### संरचनागत परिर्वतन

- एकै कार्यालय भवनमा संयुक्त रुपमा वडा कार्यालय सञ्चालन भइरहेको सेवाग्राही र कर्मचारीहरुलाई कठिनाई भएको सम्बन्धमा त्यस्ता वडाहरुको छुट्टै भौतिक पूर्वाधार बनाउनुपर्ने
- हाल उपमहानगरपालिकामा केन्द्रित कार्यगत संरचनालाई क्षमता अभिबृद्धि गर्दै थप कर्मचारी सहित वडास्तरमा अधिकार प्रत्यायोजन हुनुपर्ने । उपमहानगरपालिकाको प्रमुख शाखा, महाशाखाहरु जेष्ठ नागरिक तथा अपांगमैत्री बनाई पहुँचयुक्त बनाउनुपर्ने ।
- साविक गाविसका २३ देखि ३० सम्मका ८ वडाहरु रिंगरोड बाहिर रहेकाले कमसेकम सातदोबाटोमा उपमहानगरपालिकाको एककिृत सेवा केन्द्रको स्थापना गरी सेवाप्रवाह सहज गराउनुपर्ने ।

### नीतिगत सुधार

- समुदायस्तरमा कार्यरत विभिन्न सामाजिक, सांस्कृतिक र धार्मिक संघसंस्था, जातीय संगठन, महिला, उद्यमी व्यवसायी, गैर सरकारी संघसंस्थाहरुलाई वडास्तरीय योजना बनाउनेदेखि नगरको नीति निर्माण, योजना कार्यान्वयन र समिक्षामा बढी भन्दा बढी सहभागी गराउनुपर्ने । यसका लागि नीतिगत रुपमा अघि बढ्नुपर्ने

- उपमहानगरपालिकाका विभिन्न महाशाखाहरु समयसमयमा आ आफनो महाशाखाले गर्दै आएको कामकारवाही बारे सेवाग्राहीहरुसंग अर्न्तक्रिया, छलफल गर्ने । यसबाट नगरवासीहरुको गुनासो अपेक्षा थाहाँ हुने र कार्यसम्पादन अझ चुस्त र दुरुस्त हुने छ ।
- नगरवासीहरुलाई सुशासनका आधारभूत मान्यता तथा नगरपालिकाको कामकारवाहीमा सूचना र जानकारीहरु प्रदान गर्ने, यस्ता विषयमा अभिमुखीकरण तालिमहरु दिनु आवश्यक रहेको छ । यसले सार्वजनिक सूचनामा आम नागरिको पहुँचलाई सहज र सरल बनाउने छ ।
- कुन कुन अधिकारहरु वडामा प्रत्यायोजन गर्न सकिने हो ? वा कुन कानूनले बाधक रहेको छुट्टयाउने, नगरपरिषद्बाट अधिकार प्रत्यायोजनमा प्राथमिकता दिनुपर्ने
- सार्वजनिक सुनवाई, सामाजिक परीक्षणबाट औल्याएको कुराहरु कार्यान्वयन भयो भएन भन्नेमा अनुगमन गर्न नीति ल्याउनुपर्ने

**व्यक्तिगत सुधार**

- जनताको गुनासो, अपेक्षाप्रति संवेदनशील भएर काम गर्ने वातावरण निर्माण, कर्मचारीहरुको लागि तालिम, समूहमा काम गर्ने तौरतरिका र मानव संशाधन विषयमा पुनःताजगी तालिमहरु गर्न सकिने
- सेवाग्राहीहरुलाई विश्वासमा लिएर काम गर्न प्रतिबद्ध हुने । नागरिक वडापत्र अनुरुप काम भईरहेको विश्वास जगाउने
- बढी जनमुखी, पारदर्शी भएर काम गर्ने तत्परता देखाउनुपर्ने ।

**अन्तमा**

यसको सही कार्यान्वयनले स्थानीय निकाय र नागरिकहरुकाबीचमा एक पटकका लागि मात्र नभई सधैका लागि दोहोरो संवाद स्थापित गर्ने आधारहरु खडा हुँदै जाने छ । सेवाग्राही र नगरपालिकाका अधिकारीहरुको दोहोरो संवादले नगरपालिकाको विकास निर्माणमा ८ वटै वडाका नगरवासीहरुको रचनात्मक प्रतिनिधित्वको सुनिश्चित गर्ने छ । आपसी विश्वास र नीति योजनाप्रतिको अपनत्वले ललितपुर उपमहानगरपालिकाको विकास निर्माण कार्य र सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउने सकिने छ । जवाफदेहीता र उत्तरदायीत्व बढ्ने छ । यसबाट नै जनताको घरदैलो सम्म पुग्ने स्थानीय सरकारको मर्म चरितार्थ हुने छ ।

**आर्थिक वर्ष २०७२/०७३ को ललितपुर उपमहानगरपालिकाको पहिलो चौमासिक सार्वजनिक सुनवाई कार्यक्रमको सहजकर्ताद्वय**

**१ सुनील महर्जन**

**२ राजेश बज्राचार्य**

**अनुसूची–४**
**(बुँदा नं. ७.६ सँग सम्बन्धित)**
**सार्वजनिक सुनुवाइ संबन्धी प्रतिवेदन फाराम**

- सार्वजनिक सुनुवाइ संयोजन गर्ने व्यक्तिको नाम,थर र ठेगाना :

**सुनील महर्जन, ललितपुर र उपमहानगरपालिका वडा नं २२**
**प्रतिवेदक विश्लेषक एवं सहजकर्ता राजेश बज्राचार्य, ललितपुर उपमहानगरपालिका वडा नं १८**

- **सुनुवाइ गरिएका विषयवस्तुहरु**

क) सुशासनको मान्यता अनुरुप जनसहभागिता, पारदर्शीता जवाफदेहीताको संस्कार वृद्धि गर्नुपर्ने

(ख) उपमहानगरपालिकाको नीति, योजना र कार्यक्रमहरुबारे सूसुचित गराउनुपर्ने

(ग) उपमहानगरपालिकामा गाभिएका साविकका गाविसहरु र हालका २३ देखि ३० वडामा उपमहानगरपालिका सम्म आउन जान कठिन भएकोले दैनिक जनजीवनसंग सम्बन्धीत महत्वपूर्ण सिफारिश नक्सा, नाता प्रमाणित, लगायत काम वडाबाट नै हुनुपर्ने,

(घ) उपमहानगरपालिकाबाट प्रवाह हुने सेवासुविधा, फोहोरमैला, नगर प्रहरी गस्ती लगायत कार्यहरु नयाँ वडाहरुमा हुनुपर्ने, विकास निर्माण, सस्कृति सम्पदा संरक्षण कार्यक्रम विस्तार हुनुपर्ने, वडाबाट पठाएका योजनाहरु छनौट गर्नुपर्ने,

(ङ)बैशाख १२ गतेको विनाशकारी भूकम्पपछि पुनःस्थापना कार्यक्रम सञ्चालन गर्नुपर्ने, नक्सा पासको मापदण्ड वस्तुस्थिति अनुरुप हुनुपर्ने भएको छुट्टै नीति ल्याउनुपर्ने

(च)नक्सा पास, योजना माग, छनौट र मुल्याङ्कन प्रक्रियामा छिटो, छरितो र सहज हुनुपर्ने

छ) नगरोन्मुख ग्रामिण परिवेशलाई ध्यानमा राखेर नक्सा, योजनामा जनसहभागिता कार्यक्रमको लागि अलग नीति ल्याउनुपर्ने
(ज) लक्षित वर्गको कार्यक्रम बारे व्यापक सूचित गनुपर्ने, युवा लक्षित कार्यक्रम ल्याउनुपर्ने

- कार्यक्रम आयोजना स्थल :– **टेवा भवन, धापाखेल**

- कार्यक्रम आयोजना गरिएका मिति र समय : **२०७२ कार्तिक ३०, सोमबार**

- कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) : **४ घण्टा**

- उठेका प्रश्न/जिज्ञासा र उत्तर :

| **क्रम संख्या** | **प्रश्नकर्ता/गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना** | **सहभागीको प्रश्न/गुनासो/ सुझाव** | **जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना** | **जवाफको छोटकरी व्यहोरा** |
|---|---|---|---|---|
| १ | कमल बिष्ट, वडा नं. २६ सभापति, राप्रपा नेपाल | सहभागीमध्ये उल्लेखित प्रश्नकर्ताहरुका प्रश्न तथा गुनासा, सुझावहरु बिस्तृत रुपमा छुट्टै संलग्न गरिएको छ । | **सम्बन्धित शाखा महाशाखाहरुको प्रतिनिधित्वमा भरतमणी पाण्डे, कार्यकारी प्रमुख ललितपुर उपमहानगर पालिका** | उल्लेखित प्रश्नकर्ताहरुका प्रश्न तथा गुनासा, सुझावहरुलाई कार्यकारी प्रमुख भरतमणी पाण्डेज्यूबाट सम्बोधित छोट्करी व्यहोरा छुट्टै संलग्न गरिएको छ । |
| २ | सुदर्शन केसी, वडा नं २३ संयोजक, वडा नागरिक मंच | | | |
| ३ | अमृत महर्जन, हरिसिद्धि, वडा सभापति, नेपाली काँग्रेस | | | |
| ४. | प्रदिप बाँनिया, धापाखेल | | | |
| ५ | बुद्धि बहादुर महर्जन, बुद्ध बिहार, धापाखेल | | | |
| ६ | वीरेन्द्र महर्जन, सभापति हरिसिद्धि, नेपाली काँग्रेस | | | |
| ७ | दिनेश कार्की, वडा २५, निवर्तमान गाविस अध्यक्ष, धापाखेल | | | |
| ८ | उद्धव बस्नेत, वडा सभापति नेपाली काँग्रेस, धापाखेल | | | |
| ९ | अनिता डंगोल, वडा नं. ३०, हरिसिद्धि | | | |
| १० | देवराज लामिछाने, वडा २४, संयोजक, वडा नागरिक मंच | | | |
| ११ | बाबुराज महर्जन, सभापति नेपाली काँग्रेस, सुनागुठी क्षेत्र | | | |
| १२ | महेश कुमार गिरी, वडा २५, इकाइ अध्यक्ष, एमाले, धापाखेल | | | |
| १३ | बाबुकाजी महर्जन, संयोजक वडा नागरिक मंच, वडा नं ३०, हरिसिद्धि | | | |
| १४ | बिनोद डंगोल, संयोजक वडा नागरिक मंच, सुनागुठी वडा २६ | | | |
| १५ | प्रशान्त माली, सुनागुठी, पत्रकार | | | |
| १६ | राधेश्याम कठायत, धापाखेल २३, सदस्य, वडा नागरिक मञ्च | | | |
| १७ | टी.एस. राई, वडावासी, वडा नं २३ | | | |

**प्रतिवेदन दिएको मिति :** **२०७२ मंसीर १३ गते, आइतबार**

**सार्वजनिक सुनुवाइ संचालक/ सहजकर्ताहरुको दस्तखत :**

## जनचासोसँग सम्बन्धित मुख्य मुख्य महाशाख र शाखाका प्रमुखहरुले सेवाप्रवाहका विषयमा दिएका जानकारी बुँदागत रुपमा

**१. बाबुराजा महर्जन, प्रशासन महाशाखा प्रमुख**

- सार्वजनिक सुनुवाइ कार्यक्रबाट ललितपुर उप-महानगरपालिकामा गाभिएका नयाँ वडाहरुको आवश्यकता अनुसारका बिकास निर्माणका योजनाहरुको कार्यान्वयन, पर्यटन बिकास, प्राकृतिक तथा संस्कृतिक सम्पदाको जगेर्ना गर्ने जस्ता बिबिध गतिविधिहरुको सही मूल्यांङ्कन तथा सो सम्बन्धि जनमानसमा सूसुचित गराउने छ ।
- सार्वजनिक सुनवाईको उद्देश्यमाथि प्रकाश
- नागरिकको सहभागितामा विशेष जोड

**२. प्रवीण श्रेष्ठ, सार्वजनिक निर्माण महाशाखा प्रमुख**

- विकास निर्माण र योजना सम्बन्धी नीतिको जानकारी
- वडा नागरिक मञ्चको क्षमता विकाससंगै तलबाट हुने योजना छनौट प्रभावकारी हुने
- भौतिक पूर्वाधार विकास नीति, सडक ढल, खानेपानी, गरिवउन्मुख शहरी पुनरोत्थान परियोजना संञ्चालन बारे जानकारी
- असारको अन्तिममा आएर योजना माग गर्ने कार्यलाई निरुत्साहित गरेर एउटा समयावधि तोकिने
- आकस्मिक योजनाको लागि उपभोक्ता समितिबाट ५० प्रतिशत सहभागिता वा ६० र ४० प्रतिशतको सहभागितामा योजना संञ्चालन गर्न सकिने

**३. हरिशचन्द्र लामिछाने, शहरी बिकास शाखा प्रमुख**

- प्रस्तावित बाटो चौडाई निर्धारण -(जिएलडी) र जोइनिङ्ग गर्ने कार्यको लागि मंसिर ६ र ७ गते वडा भेला गर्ने,
- सो भेला गरेर मंसिर २० गतेदेखि नक्सा दर्ता प्रक्रिया शुरु गर्ने
- एमटिएमपी योजनाको लागि परामर्श दाताको नियुक्ती गर्ने
- साविकको गाविसबाट नक्सा पास भएका मापदण्डको अधिनमा रहेर निर्माण भएको घरहरुको निर्माण सम्पन्न प्रमाणपत्र दिने
- नक्सापास भएपछि हालको लागि साताको एकचोटी एक दिन पुरा इञ्जिनियर वडामा रहने व्यवस्था मिलाउने

**४. चन्दशोभा शाक्य,सम्पदा, संस्कृति पुरातत्व संरक्षण केन्द्र प्रमुख**

- संस्कृति तथा सम्पदा संरक्षण नीति बारे जानकारी
- मूर्त, अमूर्त र संस्कृति सम्पदा संरक्षण गर्ने मुख्य उद्देश्य
- चालू आर्थिक वर्षमा छनौट भएका वडा नं २३ देखि ३० मा पर्ने योजनाहरुको जानकारी

- धापाखेल गणेश मन्दिर जीर्णोद्धार, नागदह संरक्षण, बज्रवाराही मन्दिर जिर्णोद्धार, नाजल पोखरी संरक्षण,चपाफल्योसी फल्चामा दाँची इँटा लगाउने, मतया पर्व हुने स्थानमा मर्मत सम्भार र रंगरोगन आकस्मिक योजना बारे बजेट विवरणसहित जानकारी दिइयो ।

**५ रामकुमार ढाकाल भूकम्प शाखा**

- भूकम्प प्रतिरोधात्मक घर बनाउने २०५९ मा शुरु भएको र २०५४ देखि समुदायमा आधारित विपद् व्यवस्थापन भएको
- भूकम्प पीडितहरुको पुनः:स्थापना, राहत वितरण र विपद् व्यवस्थापन बारे जानकारी
- विपद् व्यवस्थापन कमिटी गठनको साथसाथै जोखिम तथा क्षमता लेखाजोखा भईरहेको
- विभिन्न दातृ निकायसग मिलेर र नगरपालिका आफैले विपद् व्यवस्थापन कार्यक्रम संञ्चालन गर्ने

**६ विमलकेशरी अमात्य, जनस्वास्थ्यशाखा अधिकृत**

- **जनस्वास्थ्य शाखाबाट सचालन भइरहेको स्वास्थ्य सेवा, कार्यक्रम र महिला स्वास्थ्य सेवीहरुको क्षमता विकास बारे जानकारी**
  - नयाँ गाभिएका वडाहरुमा साविककै गाविस अनुसार जिल्ला जनस्वास्थ्य कार्यालयले कार्यक्रम सञ्चालन गरिरहेको
  - वडा स्वास्थ्य कार्यान्वयन समिति गठन गर्ने तयारी भईरहेको छ ।
  - सम्पूर्ण स्वास्थ्य स्वयं सेवीहरुको हक हित रक्षा गर्ने,स्वास्थ्य सम्बन्धी विभिन्न चेतनामूलक र सेवामूलक कार्यक्रम संञ्चालन गर्ने
  - जनस्वास्थ्य कार्यलयको मुख्य उद्देश्य सहित गाभिएका वडाहरुमा कार्यक्रम विस्तार गर्ने तयारी भइरहेको

**७. प्रेम बहादुर थापा, सामुदायिक बिकास शाखा अधिकृत**

- महिला, बालबालिका लक्षित कार्यक्रमहरु बारे जानकारी्
- बाल क्लब, महिला समूह , सीपमूलक तालिमको स्थिति र तिनको संख्या बारे जानकारी
- क्षमता वृद्धि कार्यक्रम संञ्चालन गरिने

<u>**सार्वजनिक सुनुवाईमा बोल्ने सहभागीहरुका कुराहरुको बुँदागत टिपोट**</u>

| क्र. सं. | नाम, थर, ठेगाना | गुनासो वा सुझावहरु | सम्बन्धित शाखा, उत्तरदाता |
|---|---|---|---|
| १ | कमल बिष्ट,<br>वडा नं. २६<br>जिल्ला सभापति,<br>राप्रपा नेपाल | • बोलेकै कारणले आफूले दिएको योजना कटौती गरेकोले बोल्न डर लागेको गुनासो ।<br>• विकेन्द्रीकरणको मर्म अनुरुप वडालाई थप अधिकार प्रत्यायोजन गर्नुपर्ने अहिलको प्रवृति हेर्दा वडालाई अधिकार दिन कञ्जुस्याई गरेको छ । वृद्धवृद्धाले सामाजिक सुरक्षा भत्ता लिने कार्यमा सुविधा हैन सास्ती पाइरहेका छन् । सामाजिक सुरक्षा भत्ता वितरण सहज हुनुपर्यो । बैंकमार्फत सजिलै पाउने व्यवस्था सुनिश्चित गर्नुपर्यो ।<br>• कार्यकारी प्रमुखको कार्यकक्ष लगायत सबै महत्वपूर्ण सेवा दिने कार्यालयहरु दोस्रो, तेस्रो तल्लामा भएकोले ज्येष्ठ नागरिकहरुलाई आउन जान गाह्रे भएको । जनसरोकारका सबै महत्वपूर्ण सेवाहरु भूँइतल्लाबाट नै हुनुपर्ने । हालको उपमहानगरपालिकाको भौतिक संरचना अपांग मैत्री, पहुँचयुक्त छैन । सम्बन्धित कार्यालय जमीन तल्लामा व्यवस्था गर्नुपर्यो<br>• चक्रपथ बाहिर पनि उपमहानगरपालिका छ भनेर सोच्नुपर्दछ । गाभिएका साविकका धापाखेल, सुनाकोठी र हरिसिद्धि गाविसका नागरिकहरुलाई उपमहानगरपालिका भएको अनुभूत गराउनुपर्‍यो ।साविक गाविसका ८ वडाहरु रिंगरोड बाहिर रहेकाले उपनगरपालिकाको अनुभूती दिन पनि नगरस्तरीय अस्पताल बनाउन आवश्यक ।<br>• बैशाख १२ गतेको विनाशकारी भूकम्पले क्षतविक्षत भएको हरिसिद्धिका पुरात्तात्विक महत्वका सम्पदाहरुको पुनःनिर्माणको लागि योजना अघि सार्नुपर्‍यो । योजना कार्यान्वयनको लागि विदेशीहरुलाई सहयोगको लागि आग्रह गर्नुपर्दछ । सबैले महसुश गर्न सक्ने गरी टुक्राटाक्रे योजना होईन कि दीर्घकालीन योजना ल्याउनुपर्छ । भूकम्पपिडितहरुलाई आवश्यक परिचयपत्र तत्काल दिलाई पुननिर्माणमा जान चाहनेलाई कर तथा सहुलियत प्रदान गर्नुपर्यो<br>• धापाखेलको नागदहलाई पर्यटकीयस्थलको रुपमा विकास गर्ने,सुनाकोठी बालकुमारी मन्दिर संरक्षण र खेल मैदान बनाउन, वन जंङ्गलको संरक्षण, नगरस्तरीय अस्पताल, नगर सभागृह, लगनखेलको बसपार्क साघुँरो, मच्छिन्द्रनाथको जात्राका बेला संञ्चालन गर्न गाह्रो हुने भएकोले नार्कको जग्गामा नयाँ बसपार्क बनाउनुपर्नेलाई दीर्घकालीन योजनामा समावेश गर्नुपर्ने ।<br>• हालको आवतजावत समस्यालाई अन्त गरी सुशासनको प्रत्याभूति दिन वडास्तरमै अधिकार प्रत्यायोजन गर्नुपर्यो । नाता प्रमाण दिने, नक्सा पासको काम वडालाई दिनुपर्ने । वडालाई अधिकार सम्पन्न बनाउनुपर्ने । | • भवन निर्माण शाखा<br>• संस्कृति तथा संपदा संरक्षण तथा विकास केन्द्र<br>• लेखा शाखा<br>• सामुदायिक शाखा, जनस्वास्थ्य शाखा<br>• सार्वजनिक निर्माण शाखा<br>• विपद व्यवस्थापन शाखा<br>• प्रशासन शाखा<br><br>**उत्तरदाताः**<br>कार्यकारी प्रमुख श्री भरतमणी पाण्डे |

| | | | |
|---|---|---|---|
| | | ● उपमहानगरपालिकाको नक्सा शाखा भन्सार कार्यालय जस्तो अतिरिक्त पैसा खाने गरेको ।<br>● संञ्चालित योजनाहरुमा विधि,प्रक्रिया पुगेका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने । भूकम्पबाट आहत भएकाहरुलाई चाँडै पुनःस्थापनाको कार्यक्रम ल्याउनुपर्ने । | |
| २ | सुदर्शन केसी, वडा नं २३ संयोजक, वडा नागरिक मंच | ● योजना पेश गर्न र कार्यान्वयन गर्न सम्झौता किताब समेत खरीद गरेर ओहोरदोहोर गर्नुपर्ने प्रक्रिया झन्झटिलो भयो । वडास्तरमै सम्झौता किताब र आवश्यक प्रक्रियाको व्यवस्था होस, वडाबाट सिफारिस गरिएको पत्रबाटै योजना पक्रिया छोट्याइयोस<br>● योजना कार्यान्यवनमा २० प्रतिशत जनलागत अव्यावहारिक, जनश्रमदानलाई मूल्यांकन आधार बनाइ सहुलियत प्राप्त हुनुपर्यो । सबै मान्छे आफ्नो काममा व्यस्त हुने भएकोले जनश्रमदान पनि दिन नसक्ने अवस्था ।यसले गर्दा योजनाको काम नहुँदै कयौं बजेट फ्रिज भएको अवस्थाले गर्दा केही सहुलियत दिनुपर्ने ।<br>● योजना सम्पन्न भएपनि फछ्यौट झन्झटिलो भयो, विगतमा ४ महिनासम्म अन्तिम किस्ता प्राप्त गर्न कुर्नुपर्नाले सप्लायरमाझ उपभोक्ता समितिको अविश्वास बढेको स्थिति अन्त्य हुनुपर्यो । योजनाको काम समयमै हुँदा पनि फरफारक गर्न रकम निकासा गर्न ढिलाई गर्ने, अलमल गर्ने गरेको गुनासो । योजना सम्पन्न भएपछि यति दिन भित्र रकम निकासा गर्ने भनेर तोकिनुपर्नेमा जोड ।<br>● पूर्वाधार निर्माण र योजनाको माग गर्दा वडाबाट सिफारिश लिएर उपमहानगरपालिका जाने र पुनः वडामा नै आउनुपर्ने प्रक्रिया लामो र झन्झटिलो भएको । नगरपालिकामा कर्मचारी नभेटिने, व्यस्त हुने र बल्ल बल्ल भेटेरेपनि दिन नै बित्ने गरेको ।<br>● हालको नक्सापास नीतिको फितलो अनुगमनका कारण ठाउँठाउँमा प्रति जग्गाको संरक्षण गर्न गाह्रो । बिशेष गरी बाहिरी, भित्री र गोरेटो बाटो नजिक परेका जग्गा मिचेर निर्माण सम्पन्न गरेपछि भत्काउन नसकिने कारण बाटो छेउका प्रति जग्गाको संरक्षणमा प्राथमिकता दिनुपर्यो । यसको ज्वलन्त उदाहरण सिभिल होम्स क्षेत्रभित्र परेका साविक गोरेटो बाटोको सर्वसाधारणले प्रयोग गर्न निषेध भएको अवस्था ।<br>● निर्माण पछि भत्काउन नसकिने यथार्थले मापदण्ड मिच्ने दुश्प्रयास रोक्नका लागि नयाँ निर्माणकालागि निवेदन दिन समयमै स्थलगत परामर्श र स्थानियको रोहवरमा अनुगमन व्यवस्था स्थापित गर्नुपर्यो ।<br>● लक्षित वर्गकालागि कार्यक्रम नगरपालिकाको योजना र बजेट अनुसार हुने हो भने कहिलेसम्म कुर्ने, अथेष्ट आवश्यकता अनुसार पाउने कि नपाउने  अस्पष्ट वडास्तरमै कार्यक्रम तय | ● योजना शाखा<br>● लेखा शाखा<br>● शहरी विकास तथा सार्वजनिक निर्माण शाखा<br>● कानून शाखा<br>● नक्शा शाखा<br>● वातावरण शाखा<br><br>**उत्तरदाताः**<br>कार्यकारी प्रमुख श्री भरतमणी पाण्डे |

| | | | |
|---|---|---|---|
| | | गरी लागू हुने स्थिति छ कि छैन अस्पष्ट भएको छ । लक्षित वर्गको कार्यक्रम आवश्यकताको आधारमा संञ्चालन गर्नुपर्ने । नगरपालिकाले आफूले चाहना अनुसार नभई वडाको आवश्यकता अनुसार चलाउनुपर्यो ।<br>● साविक गाविसमा नक्सा नभएको र हालको मापदण्ड भन्दा कम क्षेत्रफलमा रहेका पुराना घरहरुको नक्सा पास कसरी गर्ने ?नक्सा पास गरेर घर बनाउनुपर्ने ऐन कार्यान्वयन हुनु भन्दा अगावै अर्थात २०५५साल भन्दा अगावै बनाइएका पुराना घरहरु नक्सा पास कसरी गर्ने भन्ने बन्दोबस्तो मिलाउनुपर्ने । नक्सापास गर्न वडा हुँदै नगरपालिका र पुनः वडामा चक्कर लगाउनुपर्ने भएकोले समय र पैसाको थप खर्च भएकोले वडामा नै नक्सा पासको व्यवस्था मिलाउनुपर्ने ।<br>● फोहोरमैला कर नगरपालिकामा पनि बुझाउनुपर्ने र मासिक रुपमा ३०० निजी सेवाप्रदायक संस्थाहरुमा पनि दिनुपर्ने दोहोरो मारको अन्त्य हुनुपर्यो । नगरपालिकामै बुझाउने व्यवस्था मिलाउने हो भने त्यसको वातावरण सम्बन्धित देखिने अनुभूत गर्न सकिने योजना पनि आउनुपर्यो ।<br>● वडामा सिफारिश लिदाँ नै दस्तुर लगायत सबै प्रक्रिया एकै दिन पुरा गर्ने व्यवस्था मिलाएर सजिलो गरिदिनुपर्ने ।<br>● भूकम्पले घर लडेपछि धर्मशालामा बसिरहेका छौं । बनिस्सा जग्गा भएकाले बसिरहेको जग्गाको लालपुर्जा छैन । यसले गर्दा नक्सा पास गरी घर बनाउन अप्ठ्यारो छ । बेनिस्सा जग्गा दर्ता खुलाओस् । | |
| ३ | अमृत महर्जन, हरिसिद्धि, वडा सभापति, नेपाली काँग्रेस | ● हरिसिद्धि भूकम्पले सबभन्दा प्रभावित ठाउँ भएका र यसबाट उत्पन्न समस्यामा बेनिस्साहरुको बृद्धि भएको छ । उनीहरुका पुराना घरसमेत पूर्ण क्षति भईसकेकाले सार्वजनिक मैदानमा आश्रित भएको अवस्था । यस सम्बन्धि आवासकालागि व्यवस्थासहित पुनस्थार्पन हुन चाहनेकालागि नक्सा पास सम्बन्धि तत्कालै विशेष ध्यानाकर्षण हुनुपर्यो ।<br>● वडास्तरमा तयार गरिएका योजनाहरु नगरपालिकामा बुझाएपछि मनपरी ढंगले बिना छलफल परिमार्जित हुनुभएन।<br>● कर सम्बन्धि व्यवस्था थपिएका ८ वटै वडाहरुमा साविक गाविसकै आधारमा केही समय थप हुनुपर्यो<br>● नगरपालिकामा गाभिएको अनुभूत गराउन न्यूनतम भौतिक पूर्वाधारहरु बन्नुपर्यो । | ● नक्सा शाखा<br>● कानून शाखा<br>● नगर परिषद<br>● राजश्व प्रशासन महाशाखा<br>● सार्वजनिक निर्माण महाशाखा<br>● भूकम्प प्रकोप व्यवस्थापन शाखा |
| ४ | प्रदिप बानिया, धापाखेल | ● धापाखेलमा खानेपानीको समस्या व्यवस्थापन समस्या हो । चाबी हुने ठाउँमा दीर्घकालिन पूर्वाधारको योजना नहुनाले चाबी खोल्ने कर्मचारीको बदमाशी र चलखेलमा बृद्धि भएको छ, सडक विभागसँगको समन्वय पनि देखिन्न । यसको सही व्यवस्थापन र विकल्पमा धापाखेल, सुनागुठीका प्रमुख हाइटका ठाउँहरुमा | ● ढल विकास तथा खानेपानी शाखा<br>● प्रशासन महाशाखा |

| | | | |
|---|---|---|---|
| | | ओभरहेड टैंकीको व्यवस्था हुनुपर्यो ।<br>● सार्वजनिक सुनुवाईमा राखिएका गुनासा र सुझावहरुको मूल्यांकन हुनुपर्यो । यसकालागि पनि अनुगमन संयन्त्रको स्थापना गरियोस नत्र समयको अवमूल्यन मात्र हुनेछ । | |
| ५ | बुद्धि बहादुर महर्जन, बुद्ध बिहार, धापाखेल | ● बिहार अन्तर्गत हुने सामुदायिक लाभका लक्षित वर्ग अन्तर्गतका कार्यक्रम, जेष्ठ नागरिकहरुको सहायता कार्यक्रम, धार्मिक र भजन कार्यक्रम आदिका लागि बजेट आउनुपर्यो । बिहार निर्माणकालागि सहयोग हुनुपर्यो । साविकको गाविस हुँदा हरेक वर्ष दिदै आएको सहयोग उपमहानगरपालिकामा गाभिएपछि प्राँप्त भएको छैन ।वडामा गएर भन्दा अहिले वडाले दिन सक्दैन , नगरपालिकामा जाउ भनेर फर्काउछ्न। | ● आर्थिक प्रशासन, अनुदान तथा सामाजिक शाखा |
| ६ | बिरेन्द्र महर्जन, सभापति हरिसिद्धि, नेपाली काँग्रेस | ● सार्वजनिक सुनुवाई जस्तो कार्यक्रमको प्रचार प्रसार कम भयो, सहभागीता कम देखियो । हिजोमात्र खबर गरियो यस्तो हुनु भएन ।<br>● हरिसिद्धि गाविसको विरोध बावजूद नगरपालिकामा गाभिएपछि पुनः भूकम्पले पनि सबभन्दा बढी क्षति त्यतै भएको छ । अझैपनि विशेष गरी २८ र २९, ३० गरी ३०० भन्दा बढीले राहत समेत पाएका छैनन । यसतर्फ अझै सुनुवाई भएको छैन । यसअघिका कार्यकारी प्रमुखले पनि बिकासका कुरा गरेर फकाउने तरीका अपनाइ देखावटी रुपमा मात्रै सरसफाई कार्यक्रम राखे । सरसफाइ पनि प्रभावकारी र नियमित हुनुपर्यो ।<br>● साँस्कृतिक रुपमा धनी कहलिएको हरिसिद्धिमा रकम अभावका कारण संस्कृति चलाउन धौं धौ भएको छ । राष्ट्रपति देखि सबै दलका शीर्षस्थ नेताहरु आएर हेर्ने आएपनि भूकम्प पीडितहरुको लागि केही कार्यक्रम ल्याएको छैन । भूकम्प पीडितहरुको लागि कार्यक्रम ल्याउनुपर्यो । हरेक नीति कार्यक्रम लागू गर्न गाउँ गाउँमा सुझाव लिनुपर्यो । भूकम्पले रोकिएका कार्यक्रमहरु परिमार्जित गरी कार्यक्रम ल्याउनुपर्यौ। | ● प्रशासन शाखा<br>● वातावरण शाखा<br>● भूकम्प प्रकोप व्यवस्थापन शाखा<br>● संपदा, संस्कृति पुरातत्व संरक्षण केन्द्र |
| **माथि उल्लेखित गुनासो पश्चात**<br>**कार्यकारी प्रमुख भरतमणी पाण्डेज्यूबाट जिज्ञासा र गुनासोको प्रत्युत्तर र सफाई**<br>***(बुँदागत रुपमा तल छुट्टै पेजमा संश्लेषित गरिएको छ ।)*** | | | |
| ७ | दिनेश कार्की, वडा २५, निवर्तमान अध्यक्ष, धापाखेल | ● पौष मसान्तसम्म साविकको गाविसमा दस्तुर लिने भनिएपनि नक्सापासको प्रक्रिया रोकिएको छ । अब ६ महिनाको लागि साविकको गाविसमा नक्सापास गर्ने अवधि थप्नुपर्छ । भूकम्प पीडितहरुको लागि प्राथमिकता दिनुपर्यो ।<br>● उपमहानगरपालिकामा गाभिएतापनि कृषि योग्य जमीनको संरक्षणकालागि कृषि प्रवर्द्धन कार्यक्रम ल्याउनुपर्यो | |

| | | | |
|---|---|---|---|
| | | ● कमसेकम विकेन्द्रिकरण ऐन व्यवस्था अनुरुप वडामा अधिकार प्रत्यायोजन गरिनुपर्यो<br>● नेपाल सरकारबाट समेत मान्यता प्राप्त भैसकेको पर्यटकीय स्थल नागदहको गुरुयोजना तयार रहेको अवस्थामा यसलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनुपर्यो । पाटन दरबार क्षेत्रका पर्यटकलाई यता ल्याउने नीति आउनुपर्यो<br>● वर्ल्ड बैंक अनुदानप्राप्त फोहोरमैला प्रोजेक्ट कार्यान्वयन नभएको कारण सार्वजनिक गरिनुपर्यो ।<br>● हाल महिला जनसंख्या र सचेतना बृद्धि भएको अवस्थामा पुरानै ९ जना महिला स्वयंसेविका संख्यालाई समयानुसार सामाजिक परिचालिकाको रुपमा बृद्धि गरिनुपर्यो<br>● विगतको अनुभवका आधारमा पेश्की ३ किस्तामा दिंदा योजनाको बेरुजु बढ्यो, २० प्रतिशत जनलागतको नीति लिंदा झन योजना लिन नै निरुत्साहित देखियो भने जनश्रमदानका आधारमा सम्झौता सम्पन्न पछि पुरै पेश्की दिंदा योजनाहरु समयमै सम्पन्न भए । यस अनुभवको आधारमा हाल उपनगरपालिकाको योजना सफलताकालागि पुरै पेश्की दिने नीति प्रवर्द्धन हुनुपर्यो ।<br>● विगतको शिक्षा कार्यक्रम अन्तर्गत गाउँ शिक्षा समितिमार्फत पूर्व एसएलसी अन्तर्क्रिया कार्यक्रमको सफल इतिहासलाई निरन्तरता दिन नगर शिक्षा समितिका रुपमा रुपान्तरित कार्यक्रम ल्याइनुपर्यो ।<br>● युवावर्ग विदेशीएको प्रसंग निरुत्साहित गर्न युवा लक्षित विशेश स्वरोजगार कार्यक्रम स्थापना हुनुपर्यो<br>● हालको खानेपानी, लोडसेडिंग समस्याको समाधानकालागि ४ आना जग्गामा बन्ने घरहरुमा आकासेपानी संकलन, सोलार र कौशीखेती प्रविधी भित्राई नीतिगत रुपमा प्रवर्द्धन गरियोस्<br>● भूकम्पपिडितहरु बेनिस्सा भई गुठीको जग्गामा आश्रित रहेकोमा सो अस्थायी निस्सामा आधा भागको अधिकार स्थापित गर्न नीतिगत रुपमा सम्बोधन गरी व्यवस्थापन गर्नुपर्यो | |
| ८ | उद्धव बस्नेत,<br>वडा सभापति<br>नेपाली काँग्रेस,<br>धापाखेल | ● हालको अनुभवमा सेवाग्राहीहरु सबैभन्दा बढी नक्सा शाखाको कामबाट पिडित छन् । समय लिएको दिनमा पनि काम नभई पटकौं धाउनुपर्ने गुनासो ज्यादा छन । यसतर्फ ध्यानाकर्षण होस ।<br>● साविक गाविसहरुमा रहेको मैदानी जग्गालाई ध्यानमा राखी खेलकूद विकासका योजनाहरु प्रवर्द्धन गरियोस<br>● पर्यटकिय स्थल नागदहमा लगानी केन्दित होस<br>● वडास्तरीय योजनालाई परिमार्जन गरी कम बजेट बिनियोजन भन्दा ८ वडा मिलेर प्रस्तुत गरिने एकिकृत योजनालाई प्राथमिकता दिने व्यवस्था स्थापित होस<br>● घरकरमै समावेश गरिने फोहोरमैला व्यवस्थापन कर नीजि | |

| | | | |
|---|---|---|---|
| | | सेवासंस्थामा पनि दिनुपर्ने हुँदा दोहोरो भयो । एकद्वार नीति स्थापना होस ।<br>● योजना शाखाको विगतको सम्बन्ध सुमधुर रहेको र लक्षित बजेट भन्दा बढी पनि विनियोजन भएको सन्दर्भको प्रशंसा । यस्तै व्यवस्था अरु शाखामा पनि हुनुपर्यो ।<br>● उपनपामा गाभिन नेपाली काँग्रेसको पहलकदमीमा ६० लाख अग्रिम कर समेत बुझाइएको सन्दर्भमा हालको नगर विकास योजना अन्तर्गत जीएलडी योजना विरोधाभास रहेको ध्यानाकर्षण ।<br>● पूर्व कार्यकारी प्रमुख कार्कीज्यूको सहयोग रहेर १० लाख भन्दा बढी बजेट निकासा भएको सन्दर्भमा यसलाई साविकका ३ गाविसको योजनाहरुलाई बढी प्राथमिकतामा पार्नुपर्ने माग । | |
| ९ | अनिता डंगोल, वडा नं. ३०, हरिसिद्धि | ● अपाङ्गलाई समाजले हेय दृष्टिकोणले हेर्ने , अर्कोतर्फ अपाङ्ग भएका छोराछोरी हुँकाउन बाबु आमा पनि निकै सास्ती हुने । बनाउनुपर्ने माग ।अपांगता समस्या मार्जिनलाईज्ड र क्रसकटिंग विषय भएर पनि यसकालागि केही कार्यक्रम नआएको गुनासो । कमसेकम सामाजिक रुपमा यस वर्गको विकासकालागि छुट्टै स्कूल र अपांगमैत्री अस्पतालको स्थापना हुनुपर्यो । | ● |
| १० | देवराज लामिछाने, वडा २४, संयोजक, वडा नागरिक मंच | ● गाविसबाट उमनपामा गाभिएको हालको अवस्था परीक्षामा समावेश भएपछि बल्ल किताब पढेको जस्तै भएको छ । समस्या भन्दा समाधान दिने पद्धति प्रवर्द्धन गरिनुपर्यो ।<br>● बाटोघाटो, सामाजिक सुरक्षा भत्ता वितरण र भूकम्पपिडितहरुका लागि निर्माण राहत सम्बन्धि नीति स्पष्ट रुपमा आउनुपर्यो<br>● साविक गाविस हुँदा २ करोड उठ्ने कर संकलन झन कम भएको अवस्थालाई व्यवस्थित गर्न स्थानिय विकास पञ्जिकाधिकारी वडास्तरमै स्थापना गरियोस<br>● नागदहझैं हरिसिद्धि भवानी लगायतका सार्वजनिक स्थललाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्ने योजना ल्याइयोस | ● |
| ११ | बाबुराज महर्जन, सभापति नेपाली काँग्रेस, सुनागुठी क्षेत्र | ● ठूलठूला योजनाको चर्चा भन्दा सानो र नियमित कार्य जस्तै हप्तैपिच्छे नियमित फोहोर उठाउने गाडीको व्यवस्थापनले नगरपालिकाको अनूभुती हुने<br>● सार्वजनिक सुनुवाई गरिन्छ तर प्रस्तुत गरिएका सुझाव र गुनासोको टिपोट गरि यस उपर कतिको कामकारवही भयो त्यसकालागि अनुगमन संयन्त्रको विकास भएन , यसलाई स्थापित गरियोस र अर्को सुनुवाईमा तुलनात्मक विकासको पद्धति नहुने हो भने यस्तो कार्यक्रम नगरियोस ।<br>● विपद व्यवस्थापनलाई विगतको भूकम्पको क्षतिबाट सिकेर बाँकी | ● |

| | | | |
|---|---|---|---|
| | | रहेका खाली जग्गा व्यवस्थापन गर्न नयाँ वस्ती विकास योजना व्यवस्थित टाउन प्लानिंग योजना प्राथमिकतामा पारियोस<br>● वडास्तरमै सम्भावित र प्राथमिकताको योजना जस्तै सुनागुठीको हकमा क्षेत्रीय, जिल्ला र राष्ट्रियस्तरको खेलकूद विकासको योजना ल्याउने नीति प्रवर्द्धन गर्ने गरी वडासचिवहरुलाई निर्देशित गरियोस । | |
| १२ | महेश कुमार गिरी, वडा २५, इकाइ अध्यक्ष, एमाले, धापाखेल | ● साविक ३ गाविसको आम्दानी श्रोत सिमित र कम भएका नाताले कर कम गर्न परिषदबाटै नियम पारित गरेर भएपनि कर दायरा घटाउनुपर्यो<br>● पूर्व कार्यकारी प्रमुखले धेरै खुला ठाउँ भएकाले धेरै भौतिक पूर्वाधारसहित विकास बजेट आउने आश्वासन कार्यान्वयन गरिएन<br>● कृषियोग्य जमीनलाई आवासीय प्रयोगमा नल्याइने नीतिगत स्पष्टतासहित कृषि तालिमहरुको योजना ल्याउनुपर्यो<br>● युवा स्वरोजगार, महिला सशक्तिकरण लगायत स्थानिय जडीबुटीको प्रवर्द्धनात्मक कार्यक्रम ल्याइयोस र यसको अनुगमनमा विशेष ध्यान दिइयोस<br>● उजुरी पेटीका वडास्तरमा व्यवस्थित नभएको र उजुरीपेटिकामा परेका उजुरीबारे सार्वजनिक सुनुवाईमा सार्वजनिक गरी त्यस उपरको कारवाहीको जानकारीले सुशासन व्यवस्थित गर्ने पद्धति बसाइयोस | ● |
| १३ | बाबुकाजी महर्जन, संयोजक वडा नागरिक मंच, वडा नं ३०, हरिसिद्धि | ● प्रशासनिक कमजोरी हो वा कर्मचारीको अभाव? संयुक्त वडालाई वडास्तरमा दरबन्दी बढाएर व्यवस्थापन हुनुपर्यो तब मात्र नगर भएको अनुभूति हुनेछ । सार्वजनिक सुनुवाई जस्तो कार्यक्रमबारे वडा संयोजक भएरै पनि हिजोमात्रै जानकारी पाइयो, यसमा सुधार होस ।<br>● हरिसिद्धिमा बेनिस्साहरुको समस्या चर्को भएकाले यसलाई वडास्तरमै कार्य सम्पादनको अधिकार प्रत्यायोजन हुनुपर्यो ।<br>● सामाजिक सुरक्षा भत्ता विगतमा एनआइसि बैंकले घरदैलोमा वितरण गर्ने भनेको आश्वासनमै सिमित रह्यो, संकलनको समस्या सरलिकृत होस<br>● प्रस्तुत वहिर्गमन र नागरिक प्रतिवेदनमा हरिसिद्धिको वस्तुस्थिति समग्र समेटिएपनि वडा नं २८ र २९ को उल्लेख भई ३० को कुरानै आएको देखिएन, यसमा सहभागिता कम कसरी हुन गयो? | ● |
| १४ | बिनोद डंगोल, संयोजक वडा नागरिक मंच, सुनागुठी वडा | ● वडास्तरको योजना उपर कार्य गर्दा पुराना स्थापित व्यक्तिहरुलाई नगरपालिकाले प्राथमिकता दिई विभेदमा राखेको अनुभव भयो । नयाँलाई नजानेको व्यवहार गर्ने व्यवस्था अन्त गरी समानताको अभ्यासलाई स्थापित गर्न नगरपालिकामा टोकन व्यवस्था गरियोस | ● |

| | | | |
|---|---|---|---|
| | २६ | | |
| १५ | प्रशान्त माली, सुनागुठी, पत्रकार | ● फोहोरमैला व्यवस्थापनकालागि नगरपालिकामा विभिन्न दाताहरुले प्रदान गरेको परियोजना किन कार्यान्वयन भएन ? साविक ३ गाविसको फोहोरमैला व्यवस्थापनबारे नगरपालिकाको योजना स्पष्ट पार्नुपर्यो । आजैपनि वातावरण शाखा प्रमुखको अनुपस्थितिले यसबारेको योजना प्राथमिकतामा नरहेको इंगित गरेको छ ।<br>● थुप्रै वैदेशिक दाताहरुको सम्पर्कलाई पर्यटन विकास योजनामा नगरपालिकाले जोड्ने जिम्मेवारी लिनुपर्यो<br>● यदि परियोजनालाई कार्यान्वयन गर्ने क्षमता नगरपालिकामा नभएर बजेट फिर्ता हुने हो भने अन्तराष्टिय सहयोग स्तरको परियोजनाकालागि सीप भएको कर्मचारी नरहेको पुष्टि हुनु आवश्यक । | ● |
| १६ | राधेश्याम कठायत, धापाखेल २३, नागरिक मञ्च सदस्य | ● धापाखेल सुमेरु अस्पताल आसपास डिडिसी बिक्री केन्द्र अगाडी वर्षायाममा पानी सडकमा जमेर घरहरुसमेत डुबानमा पर्ने गरेकोमा सडक बिभागसँगको पहलकदमीले अस्थायी ह्यूम पाईप बाट अल्पकालिन व्यवस्थापन भएको जानकारी । विगतमा नार्कलाई समेत खेतीमा हुने गरेका समस्याको अवगत गराएकोमा अनुसन्धानकोमात्र दायरा देखाई पन्छेको, निकास नहुनाले जैरे गाउँ डुबानमा पर्ने र सडक जामले सबैलाई सास्ती हुने गरेकोमा उपमहानगरपालिका भएको नाताले विशेष ध्यानाकर्षणको माग । | ● |
| १७ | टी.एस. राई | ● सार्वजनिक सुनुवाई सराहनीय रहेतापनि प्रतिवेदन विश्लेषणमा प्रस्तुत जातिय वर्गीकरण हालको नेपाली जनचेतनालाई प्रगतिशीलपथमा लान सुधारयोग्य । यसमा वर्गीकरण गरिएको आदिवासी नेवार, जनजाति र ब्राम्हण क्षेत्री आदि ऐतिहासिक निरन्तरता र पछिल्ला अन्तराष्टिय परिभाषा अनुसार पुनर्व्याख्याका आधारमा आगामी सुनुवाईको प्रतिवेदनमा सुधार गरियोस । | ● |

**माथि उल्लेखित गुनासो पश्चात**
**कार्यकारी प्रमुख भरतमणी पाण्डेज्यूबाट जिज्ञासा र गुनासोको प्रत्युत्तर र सफाई**
***(बुँदागत रुपमा तल छुट्टै पेजमा संप्लेशित गरिएको छ ।)***

**सहभागीहरुको प्रश्न, गुनासो, सुझावहरुप्रति कार्यकारी प्रमुख भरतमणी पाण्डेज्यूको उत्तरहरु बुँदागत रुपमा**

- **उपमहानगरापलिकामा गाभिइको अनुभुति नभएको स्वाभाविक प्रतिक्रियालाई सकार्दछु।**
- यहाँहरुको गुनासो, चाहना बुझ्न यो सार्वजनिक सुनवाई कार्यक्रम गर्न गइरहेको हो । कतिपय अधिकारहरु कानूनले प्रत्यायोजन गर्न नमिल्ने छ। नगरपालिकाले निर्णय गरेर प्रत्यायोजन गर्न सकिने अधिकार प्रत्यायोजन गर्दछु।
- भूकम्पको सर्न्दभमा धेरै क्षति भएको हरिसिद्धि हो। छुटेका भूकम्प पीडितहरुलाई आउँदो मंसिर १० गतेभित्र राहत दिने गृहकार्य भइरहेको छ। पाउनुपर्ने पीडितले राहत पाउँछ। स्थलगत निरीक्षण र मुचुल्काको आधारमा सबै पीडितलाई राहत दिने छु।
- योजना कार्यान्वयन उपभोक्ता समिति मार्फत हुने गर्दछ। समयमै उपभोक्ता समिति गठन गरेर सम्झौता गर्ने, प्राविधिकसंग सम्पर्क गरेर मुल्याङ्कन समयमै भएर काम थालनी भयो भने रकम निकासा पनि छिटो छरितो हुन्छ।
- वडास्तरीय बजेट बढाउन ढुकुटी भएमा बढाउने न हो। भूकम्पछि सबै सम्पदाहरु भत्किएकोले पर्यटक दस्तुर घटेको छ। मुख्य स्रोत पयर्टकीय दस्तुर घटेकोले ठूलो आन्तरिक स्रोत गुमाउनुपरेको छ। आन्तरिक स्रोत बढाउनुपर्ने स्थिति रहेको छ।
- विकास निर्माणमा जनताको अपनत्वको लागि विकास निर्माणमा जनसहभागिता आवश्यक रहेको हो। सहभागितामूलकको लागि २० प्रतिशत नभए श्रमदान पनि हुनसक्छ। उपभोक्ता समितिमार्फत कुन काम गर्न सकिने? कुन काम गर्न नसकिने ? हेभी इक्विमेन्ट प्रयोग गर्नुपर्ने काम उपभोक्ता समितिमार्फत गर्न सक्दैन भन्ने कुरा बुझ्नुपर्छ। कुन काममा जनसहभागिता जुट्न वा जुट्दैन भनेर निगरानी राख्नुपर्छ।
- कानूनको परिधिभित्र रहेर वडालाई अधिकार प्रत्यायोजन गर्ने गृहकार्य गरिहेको छु। वडा सचिवहरुलाई क्षमतावान बनाउन कार्यक्रमहरु ल्याउने छु। वातावरण मैत्री कार्यालयको रुपमा वडाको व्यवस्थापन गर्ने छु। वडाबाट आएका योजनाहरुलाई प्राथमिकता दिनेछु। आफैले नै प्राथमिकरण गर्ने होईन। १० लाख भित्र बनाउनुपर्ने योजना १ करोडको योजना विवरण पठायो भने स्वत काटिन्छ नै । जनताको भावना अनुसार योजनालाई प्राथमिकतामा राख्नुपर्छ।
- कर सबैमा सम्मान गर्नुपर्छ। करको दायरा सबै ठाउँमा समान नै हुनुपर्ने छ।
- सामाजिक सुरक्षाको पाउन सास्ती भोग्नुपरिहेकोलाई मध्यनजर गरेर बैङ्कमा खाता खोलेर सहज ढंङ्गले लिने व्यवस्था गर्ने छु। त्यसको लागि प्रक्रिया अघि बढाउने छु।
- मंसिर १५ गतेसम्म योजना छनौट काम हुने छ। उपभोक्ता समितिले काम सम्झौता गरेपछि अनुशिक्षणको व्यवस्था गर्ने छु। कागजी प्रक्रिया पुरा भएको छैन भने फिल्डमा काम भएर मात्र हुँदैन। कागजी प्रक्रिया पनि मिलाउनुपर्छ।
- प्रति जग्गाको संरक्षण गर्ने छु। छरछिमेकबाट पनि सार्वजनिक जग्गाको संरक्षणको लागि सचेत हुनुपर्छ। सिभिल होमले सार्वजनिक जग्गा मिचेको छ भने त्यसको उचित कारवाहीको लागि पहल गर्ने छु। कानूनको पालना सबैले गर्नुपर्छ।

- लक्षित वर्गको शीर्षक छानेर नगरपरिषद्बाट प्राथमिकतामा राखेर कार्यान्वयन गराउने छु । नक्सापास सम्बन्धी नयाँ मापदण्डलाई नियमित गर्ने छु ।
- नगरपालिकाले निर्णय गरेर प्राविधिकहरुको टिम आउँनेछ ।सुझावको आधारमा काम अघि बढाउनेछु ।फोहोरमैला दोहोरो कर लिएको प्रति संवेदनशीलता अपनाउँ आगामी दिनमा सार्वजनिक निजी साझेदारीको नीतिबाट हातेमालो गर्दै एकद्वार मार्फत कर उठाउने छु ।
- बेनिस्साको समस्या भूमिसुधारसंग जोडिएकोले त्यसको लागि सम्बन्धित निकायसंग समन्वय गर्ने छु ।चाडपर्व, संस्कृति संरक्षणको लागि आर्थिक सहयोग गर्ने छु ।
- नक्सापासको लागि साविकको गाउँ विकास परिषद्बाट निर्णय भएको दस्तुर अनुरुप लिने असार १० गतेसम्म निर्णय गरेको थियो । पछि पुस मसान्तसम्म समयावधि थपियो । विशेष परिस्थितिको कारणले गर्दा त्यसको कार्यान्वयन भएन । यसको म्याद पुनः थप्ने विषयमा नगरपरिषद्ले पास गर्नुपर्छ । यस विषयमा थप सल्लाह गर्ने छौं ।
- सामाजिक सुरक्षा भत्ता बैङ्कमा खाता खोलेर वितरण गर्न केही समस्या नभएको ।
- नागदहको संरक्षणको कुरो नेपाल सरकारको केन्द्रीय कार्यक्रममा पनि परेको सुनेको छु । त्यसलाई हामी हेर्छौं ।
- महिला स्वयं सेविकाहरु जनसंख्याको अनुपातमा नयाँ गाभिएका गाविसहरुमा थप्ने विषयमा छलफल अघि बढाउने छु ।
- उपभोक्ता समिति मार्फत काम गर्दा सकिन्छ भने २० प्रतिशत रकम हाल्ने नसके त्यति बराबर श्रमदान गर्नुपर्छ । त्यसो गर्दा पनि झन्झटिलो भयो भने त्यसलाई सुधार्न सकिन्छ । काम नगरी पेश्की लिन पाउँदैन । पेश्की बेरुजु गर्न पाउनुहुन्न । समयमै काम सम्पन्न हुन्छ भने रकम पनि समयमा नै निकासा हुन्छ ।
- युवा लक्षित कार्यक्रम ल्याउने छु ।
- सरकारको नीति नियम परिधिभित्र रहेर साताको एक पटक इन्जिनियरहरु वडामा आउनेछ । ताकि ससाना कामको लागि नगरपालिकामा धाउन्न नपरोस् ।
- नक्सापासमा भएको ढिलाई कम गर्ने टोकन सिस्टम लागू गर्ने छौं । काम कहिले सम्पन्न हुन्छ ? कहिले सम्म आउँदा हुन्छ भनेर कार्यतालिका बारे सेवाग्राही बारे स्पष्ट पार्ने छौं। नक्सा पास लगायत काममा ढिलाई भएको गुनासो न्यूनीकरण गर्न हामी प्राथमिकता दिने छौं । यसका लागि तपाईहरुको सहयोगको पनि उतिकै खाँचो छ ।
- अपाङ्गमैत्री कार्यक्रम बनाउने छु ।
- नगरपालिकाको जिम्मेवारीमा परेको बाटोको मर्मत, स्तरोन्नतिको लागि काम अघि बढाईने छ ।
- भूकम्पबाट पीडितहरुको लागि पुनःनिर्माण गर्न नक्सापासको दस्तुरमा ७५ प्रतिशत छुट र आंशिकको हकमा २५ प्रतिशत छुट हुने छ ।
- साताको एकचोटी फोहोर उठाउन आउन्ने, हरेकक दिन फोहोर उठाउन सार्वजनिक निजी साझेदारीको मोडेलबाट कार्यक्रम अघि बढाइने छ । दमकल, नगरप्रहरी जस्ता अत्यावश्यक सुविधा पुऱ्याउनेतर्फ ध्यान दिईनेछ । तपाईहरुको सबै गुनासो रेकर्ड भईराखेको छ, यसलाई योजनाबद्ध रुपमा कार्यान्वयन गरिने छ ।

- प्रत्येक वडामा भएका विकास, निर्माणका सम्भावना अनुसार कार्यक्रमहरु अघि बढाइने छ । प्रत्येक वडाको पहिचान झल्किने गरी विकास निर्माणका कार्यक्रमहरु अघि बढाईदा दातृ निकायको कार्यक्रम ल्याउन पनि सजिलो हुनेछ ।
- योजना सम्पन्न भएपछि अनुगमन फितलो भयो भन्ने कुरो आएको छ । त्यसलाई परिर्वतन गरी ५ लाख रुपैयाँ भन्दा बढीको योजना सम्पन्न भएपछि अनुगमन गरेर मात्र रकम निकासा गरिने छ । उजुरी पेटिका छ । उजुरी पेटिकामा उजुरी परेको छैन ।
- संस्कृति प्रर्वद्धन कार्यक्रमलाई जोड दिइने छ ।
- चिनजानको आधारमा काम हुन्छ भन्ने कुरा म मान्दिन् । पद्धति बसाल्ने हो ।गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने हो ।
- फोहोरमैला व्यवस्थापन गर्न सकेसम्म निजी क्षेत्रसंग सहकार्य गरेर अघि बढ्ने छ ।सकेसम्म घरमा उत्पादन हुने फोहोर घरमै न्यूनीकरण गर्नुपर्छ ।
- ढलको पानी जमेको ठूलठूला बिलिडिङ मापदण्ड विपरीत कानून बमोजिम कारवाही गर्दछु ।

# फोटो रिपोर्ट :


## तयारी बैठकका झलकहरु









# नागरिक प्रतिवेदन र वहिर्गमन अभिमत संकलनका झलकहरु













## अन्तिम तयारी र सहभागीहरुको आवागमन













# सुनुवाई कार्यक्रमको प्रारम्भ तथा आसन ग्रहण

## उद्घोषक, कार्यक्रम संचालक : सुनील महर्जन






# औपचारिक शुरुवात घोषणा तथा स्वागत मन्तव्य




कार्यकारी प्रमुख भरतमणी पाण्डेज्यूबाट कार्यक्रम औचित्यमाथि प्रकाश पारिदैं ।



प्रशासन महाशाखा प्रमुख बाबुराजा महर्जनज्यूबाट कार्यक्रमको उद्धेश्य तथा स्वागत मन्तव्य ।




सार्वजनिक निर्माण महाशाखा प्रमुख प्रविण श्रेष्ठज्यूबाट आफू मातहत हुने कार्यबारे जानकारी दिनुहुँदैं ।




सम्पदा, संस्कृति पुरातत्व संरक्षण केन्द्र प्रमुख चन्द्रशोभा शाक्यज्यू आफू मातहत हुने

कार्यबारे जानकारी दिनुहुँदैं ।




शहरी बिकास महाशाखाका ई. हरिश्चन्द्र लामिछानेज्यूबाट महाशाखाको प्राथमिकता र आगामी योजनाबारे जानकारी दिनुहुँदैं ।




भूकम्प प्रकोप व्यवस्थापन शाखाका रामकुमार ढकालज्यूबाट विपद व्यवस्थापन नीतिबारे जानकारी दिनुहुँदैं ।




सामुदायिक विकास शाखा अधिकृत प्रेम बहादुर थापाज्यूबाट आफू मातहतका कार्यबारे जानकारी दिनुहुँदैं ।



सार्वजनिक सुनुवाईका सहभागी नागरिकहरु




सहजकर्ता तथा प्रतिवेदन विश्लेषक राजेश बज्राचार्य विश्लेषण प्रस्तुत गर्नुहुँदै ।





ललितपुर उप-महानगरपालिकाद्वारा
आयोजित आ. व. २०७२/२०७३ को
पहिलो चौमासिक
सार्वजनिक सुनुवाई कार्यक्रम





कार्यक्रममा आफ्ना समस्या, गुनासा, अपेक्षा र सुझाव प्रस्तुत गर्दै वडावासी नागरिकहरु

























स्थानिय निकाय सार्वजनिक सुनुवाई कार्यविधि, २०६७ अनुसार आ.व. २०७२ ०७३ को ललितपुर उप महानगरपालिकाकालागि सहजकर्ताद्वारा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्न गठित कर्मचारी समूहसमक्ष मिति २०७२ कार्तिक २९ गते **प्रस्तावित कार्यविधी योजना र मूल कार्यक्रमको खाका सम्बन्धित** बैठक सम्पन्न गरिएको थियो भने सो बैठकमा भएको निर्णय कार्यान्वयन गर्न तथा अन्तिम तयारीको थप छलफल कार्तिक ३० गते बिहान ८ बजे गरिएको थियो । **(संलग्न : बैठक निर्णय प्रतिलिपी)**

**आवश्यक सामाग्रीको चेकलिष्ट तथा रणनिती**

| **क्र.सं.** | **विवरण** | **जिम्मेवार व्यक्ति वा निकाय** | **कैफियत** |
|---|---|---|---|
| १ | कार्यक्रम मूल ब्यानर | लपुउमनपा सम्बन्धित निकाय | |
| २ | मञ्च सजावट र आसन व्यवस्था | लपुउमनपा सम्बन्धित निकाय | |
| ३ | साउण्ड सिस्टम | लपुउमनपा सम्बन्धित निकाय | |
| ४ | मल्टिमिडिया, प्रोजेक्टर आदि | लपुउमनपा सम्बन्धित निकाय | |
| ५ | प्रस्तुतिकालागि ल्यापटप २ वटा | सहजकर्ता राजेश बज्राचार्य | बैकल्पिक व्यवस्थासहित |
| ६ | क्यामेरा, भिडियोग्राफी | सहजकर्ता राजेश बज्राचार्य | |
| ७ | खाजा तथा चिया व्यवस्था | लपुउमनपा वडासचिव, वडा २३, धापाखेल | टेवाका आमासमूह परिचालित |
| ८ | पत्रकार र मिडियाकर्मी संयोजन | लपुउमनपा सम्बन्धित निकाय | |
| ९ | प्रेश विज्ञप्ति | लपुउमनपा सम्बन्धित निकाय | |
| १० | कार्यक्रम उद्देश्य र संचालन खाका | सहजकर्ता सुनील महर्जन | |
| ११ | उद्देश्य अनुरुपका सेवा प्रवाह व्यवस्थाबारे संक्षिप्त जानकारी वा सो को फ्लोचार्ट | लपुउमनपा सम्बन्धित निकाय | सम्भव भए बितरणकालागि |
| १२ | कार्यकारी प्रमुखज्यू वा कर्मचारी समूह छलफलबाट छनौट गरिएका शाखा प्रमुखहरुबाट आ.व. ०७० ७१का मूल लक्ष्य र प्राप्तिबारे संक्षिप्त कार्यप्रतिवेदन | लपुउमनपा सम्बन्धित निकाय | सम्भव भए बितरणका लागि संश्लेषित १ वा २ पन्ने प्रतिवेदन |
| १३ | सहभागीकालागि स्टेशनरी तथा मसलन्दहरु | लपुउमनपा सम्बन्धित निकाय | |
| १४ | निमन्त्रणा बितरण तथा सहभागीता सुनिश्चितता, | लपुउमनपा सम्बन्धित निकाय | |
| १५ | अन्य केही भए .... | | |

## सार्वजनिक सुनुवाई कार्यक्रमको प्रस्तावित रणनिती तथा कार्यक्रम खाका

| | |
|---|---|
| मिति | : २०७२ कार्तिक ३० गते सोमवार |
| समय | : दिउँसो १२ बजे देखि ४ बजे सम्म |
| स्थान | : टेवा भवनको खुल्ला सभागृह, धापाखेल, वडा नं २३, ललितपुर |
| अनुमानित सहभागी संख्या | : २०० |
| कार्यक्रम उदघोषक तथा सहजकर्ता | : सुनील महर्जन |
| प्रश्न टिपोटकर्ता, रापोर्टर | : सुनील महर्जन र राजेश बज्राचार्य |

### कार्यक्रम खाका

| **समय** | **कार्यक्रम** | **कैफियत** |
|---|---|---|
| ११:३० बजे | सम्बन्धित आयोजक तथा निकाय कर्मचारीहरु सबैको उपस्थिती | |
| ११:३० देखि १२:०० सम्म | आमन्त्रितहरुको आगमन, रेजिष्टेशन तथा भलाकुसारी समय | |
| १२:०० | उदघोषकबाट ध्यानाकर्षण | **सुनील महर्जन** |
| १२:०५ | आसन ग्रहण तथा कार्यक्रम शुरुको घोषणा | |
| १२:१० | सहजकर्ताबाट कार्यक्रमको उद्धेश्यमाथि प्रकाश र कार्यक्रमको आचारसंहिताबारे जानकारी | **सुनील महर्जन** |
| १२:१५ | सभा अध्यक्ष, का.प्रमुखबाट सार्वजनिक सेवा प्रवाहबारे संक्षिप्त जानकारी | **कार्यकारी प्रमुख भरतमणी पाण्डे** |
| १२:२५ | स्वागत मन्तव्य | **प्रशासन महाशाखा अधिकृत बाबुराजा महर्जन** |
| १२:२५ | कर्मचारी समूहसँग छलफलबाट तय गरिएका शाखा, महाशाखा प्रमुखबाट संक्षिप्त प्रस्तुतिकरण | **प्रति प्रस्तुति २ मिनेटको समय पाबन्दी भित्र राख्ने सम्भावनाबारे पूर्व सहमति** |
| १२:३० | नागरिक प्रतिवेदन संकलन पद्धति तथा संश्लेषित प्रतिवेदन प्रस्तुति | **राजेश बज्राचार्य** |
| १२:४० | बहिर्गमन अभिमत संकलन पद्धति तथा संश्लेषित प्रतिवेदन प्रस्तुति | **राजेश बज्राचार्य** |
| १२:५० | सहभागीहरुबाट अपेक्षित प्रश्नावली संकलन बिधीबारे प्रकाश | *प्रस्तावित शैली: प्रति प्रस्तुति वा आसन ग्रहण गर्नुभएका शाखा प्रमुखहरुकालागि प्रति व्यक्ति ३ प्रश्न र सो प्रश्न नागरिक प्रतिवेदन वा बहिर्गमन पत्रसँग सम्बन्धित गराउने प्रयास गरिनेछ* |
| २:१० | सम्बन्धित निकायका जिम्मेवार पदाधिकारीहरु वा कार्यकारी प्रमुखज्यूले सोधिएका प्रश्नका स्पष्ट सटिक जवाफ दिने समय | |
| २:४० | थप जिज्ञासाकालागि समय | |
| ३:१५ | सम्बन्धित पदाधिकारी वा कार्यकारी प्रमुखज्यूबाट थप स्पष्टता समय | |
| ३:४० | कार्यकारी प्रमुखज्यूबाट समापन मन्तव्य | |
| ३:५० | धन्यबाद ज्ञापन, कार्यक्रम प्रतिवेदन सार्वजनिक हुनेबारे जानकारी | *सुनील महर्जन* |
| ३:५५ | सभा बिसर्जन | |